**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी आज देखि दुई दिवशीय गुजरात भ्रमणमा जानुहुनेछ। यस अवसरमा उहाँले एकता नगर, केवडियामा १ हजार एक सय ४० करोड रुपियाँ भन्दा अधिक लागतको बुनियादी ढाचा बिकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको समुद्री क्षेत्रलाई सुदृढ पार्न २.२ लाख करोड रुपियाँ लागतको पहलहरू शुरु गर्नुभएको छ।

- प्रधानमन्त्री एव भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले विधानसभा चुनावको सिलसिलामा आज बिहारको मुजफ्फरपुर र छपरामा चुनावी रैलीहरू गर्नुहुनेछ।

- संसदीय मामिला मन्त्रालयले आज नयाँ दिल्लीमा राष्ट्रीय ई-विधान एप्लीकेशन नेवा सम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलन आयोजना गर्दैछ।

- सरकारले आज नयाँ दिल्लीमा आदर्श युवा ग्राम सभा M.Y.G.S पहलको शुभारंभ गर्नेछ।

**प्रधानमंत्री नरेंद्र मोदी - गुजरात भ्रमण -शिलान्यास**

प्रधानमन्त्री नरेन्द्र मोदी आज देखि दुई दिवशीय गुजरात भ्रमणमा रहनुहुनेछ। उहाले आज एकता नगर, केवडियामा १ हजार एक सय ४० करोड रुपियाँ भन्दा अधिक लागतको बुनियादी ढाचा बिकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। उद्घाटन गरिने परियोजनाहरूमा राजपिपलामा बिरसा मुण्डा जनजातीय विश्वविद्यालय, वामनवृक्ष वाटिका, ई-बस चार्जिंग डिपो र 25 इलेक्ट्रिक बसहरू समावेश छन्। यसबाहेक, श्री मोदीले भारत को शाही साम्राज्यहरुको संग्रहालय, खेल परिसर , शूलपानेश्वर घाट नजिकै जेट्टी बिकास र स्ट्याच्यू अफ युनिटीमा ट्राभलर्स सहित विभिन्न परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ। प्रधान मन्त्री श्री मोदी शुक्रबार राष्ट्रिय एकता दिवस समारोहमा भाग लिनुहुनेछ र सरदार वल्लभभाई पटेलको जन्मजयन्तीमा पुष्पांजलि अर्पण गर्नुहुनेछ। उहाँले एकता दिवस शपथ र एकता दिवस परेडमा पनि भाग लिनुहुनेछ।

**प्रधान मन्त्री -मेरीटाइम लिडर्स सम्मेलन-पहल**

प्रधान मन्त्री नरेन्द्र मोदीले भारतको समुद्री क्षेत्रलाई सुदृढ पार्न २.२ लाख करोड रुपियाँ लागत को पहलहरू शुरु गर्नुभएको छ। हिज मुम्बईमा मेरीटाइम लिडर्स सम्मेलनलाई सम्बोधन गर्नुहुदै श्री मोदीले भन्नुभयो, भारतले जहाज निर्माणमा नयाँ उचाइहरू प्राप्त गर्ने प्रयासहरूलाई तीव्र पारिरहेको छ। उहाँले अझ भन्नुभयो, आज भारतका बन्दरगाहहरू विकासशील विश्वहरूमा सबैभन्दा दक्ष रूपमा गनिएका छन्। उहाँले भन्नुभयो, भारतीय बन्दरगाहहरूले यस वर्ष अहिलेसम्मकै सबैभन्दा अधिक कार्गो ह्यान्डल गरेर नयाँ रेकर्ड कायम गरेका छन्। उहाँले धेरै पक्षहरूमा उनीहरूले विकसित देशहरूको भन्दा पनि राम्रो प्रदर्शन गरिरहेका बताउनुभयो।

1-BytePM

**प्रधानमन्त्री-बिहार -रैली**

प्रधानमन्त्री एव भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले विधानसभा चुनावको सिलसिलामा आज बिहारको मुजफ्फरपुर र छपरामा चुनावी रैलीहरू गर्नुहुनेछ। प्रधानमन्त्री श्री मोदीले मुजफ्फरपुरमा बिहान ११ बजे र छपरामा १२ बजेर ४५ मिनटमा रैली गर्नुहुनेछ। केन्द्रीय गृहमन्त्री तथा भाजपा नेता अमित शाहले पनि आज पटनामा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ । पत्रकार सम्मेलन आज बिहान १० बजे हुनेछ।

**प्रधानमंत्री नरेन्द्र मोदी - अंतर्राष्ट्रीय आर्यन शिखर सम्मेलन 2025**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि नयाँ दिल्लीमा हुने अन्तर्राष्ट्रिय आर्यन शिखर सम्मेलन २०२५ मा भाग लिनुहुनेछ । यो कार्यक्रम महर्षि दयानन्द सरस्वतीको २०० औं जन्मजयन्ती र आर्य समाजको १५० वर्ष पुगेको अवसरमा आयोजना हुने ज्ञान ज्योति महोत्सवको एक महत्वपूर्ण अंश हो। शिखर सम्मेलनमा शिक्षा, सामाजिक सुधार र आध्यात्मिक उत्थानमा आर्य समाजको परिवर्तनकारी यात्राको प्रदर्शन गर्दै "सेवाका १५० स्वर्णिम वर्ष" शीर्षकको प्रदर्शनी पनि आयोजना गरिनेछ। प्रदर्शनीले भारत तथा विदेशका आर्य समाज एकाइका प्रतिनिधिहरुलाई एकै मंचमा ल्याउनेछ।

**संसदीय कार्य मंत्रालय - राष्ट्रीय ई-विधान एप्लीकेशन - नेवा - राष्ट्रीय सम्मेलन**

संसदीय मामिला मन्त्रालयले आज नयाँ दिल्लीमा राष्ट्रीय ई-विधान एप्लीकेशन नेवा सम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलन आयोजना गर्दैछ। मन्त्रालयले जानकारी दिए अनुसार, यस सम्मेलनले राज्य र केन्द्र शासित प्रदेशहरूमा नेवा कार्यान्वयनको प्रगतिको समीक्षा गर्न एक महत्त्वपूर्ण मंच प्रदान गर्नेछ। सम्मेलनमा शेष समय सबै विधान सभाहरूको नेवा मंचमा ल्याउन लाई द्रुत गतिमा परिचालन र तकनिकी मुद्दाहरूमा पनि चर्चा हुनेछ।

**राज्यसभा उपसभापति हरिवंश भारत- यूरोपीय संघ,**

राज्यसभाका उपसभापति हरिवंशले भन्नुभयो, भारत र युरोपीय संघ विश्वका दुई ठूला र जीवन्त लोकतन्त्र, खुला बजार अर्थव्यवस्था र बहुलवादी समाज हुन्। उहाँले भन्नुभयो, भारत र यूरोपीय संघ सम्बन्धको ग्राफ निरन्तर प्रगतिमा रहेको छ। युरोपीय संसदको अन्तर्राष्ट्रिय व्यापार मामिला समितिको संसदीय प्रतिनिधिमण्डलसँग हिज नयाँ दिल्लीस्थित संसद् भवनमा बातचित गर्नुहुदै उहाँले यस आशयबारे मन्तब्य प्रकट गर्नुभएको हो । बैठकमा दुवै पक्षले भारत- युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता चाँडै पूरा हुने विश्वास व्यक्त गरेका छन्।

**एमवाईजीएस का शुभारंभ**

सरकारले आज नयाँ दिल्लीमा आदर्श युवा ग्राम सभा एम.वाई.जी.एस पहलको शुभारंभ गर्नेछ। यो पहल पञ्चायती राज मन्त्रालय, शिक्षा मन्त्रालय र जनजातीय मामिला मन्त्रालयको संयुक्त प्रयास हो। यस अवधिमा आदर्श युवा ग्राम सभा र M.Y.G.S पोर्टलमा एक प्रशिक्षण मोड्युलको पनि अनावरण गरिनेछ। पञ्चायती राज मन्त्रालयले यस पहलको उद्देश्य ग्रामसभा सत्रहरूमा विद्यार्थीहरूलाई संलग्न गराएर जनसहभागितालाई सुदृढ पार्नु र सहभागितामूलक स्थानीय शासनलाई बढ़ावा दिनु रहेको बताएको छ।यो पहल देशभरिका एक हजार भन्दा बढी विद्यालयहरूमा शुरु गरिनेछ।

**निर्वाचन आयोग- राष्ट्रिय मतदाता हेल्पलाइन**

निर्वाचन आयोगले सबै नागरिकका प्रश्न र गुनासोहरूलाई सम्बोधन गर्न राष्ट्रिय मतदाता हेल्पलाइन र सबै ३६ राज्य तथा जिल्लास्तरीय हेल्पलाइनहरू सक्रिय गरेको छ। राष्ट्रिय सम्पर्क केन्द्रले सबै राज्य तथा केन्द्र शासित प्रदेशहरूको लागि केन्द्रीय हेल्पलाइनको रूपमा काम गर्नेछ। निर्वाचन आयोगले प्रत्येक राज्य, केन्द्र शासित प्रदेश र जिल्लालाई आफ्नै राज्य तथा जिल्ला सम्पर्क केन्द्रहरू स्थापना गर्न निर्देशन जारी गरेको छ। आयोगले 'BLO सँग बुक-ए-कल' सुविधा पनि शुरु गरेको छ, जसले नागरिकहरूलाई आफ्ना सम्बन्धित बुथ स्तर अधिकारीहरूलाई सम्पर्क गर्न अनुमति दिदछ।

**कोयला-खान मंत्री जी. किशन रेड्डी - वाणिज्यिक कोयला खदान नीलामी**

कोइला र खानी मन्त्री श्री जी. किशन रेड्डीले हिज नयाँ दिल्लीमा व्यावसायिक कोइला खानी लिलामीको १४ औं खण्डको भर्चुअल रूपमा शुभारम्भ गर्नुभयो। श्री रेड्डीले भन्नुभयो , लिलामीको उद्देश्य व्यापार गर्न सजिलो बनाउनु, विविध निवेश आकर्षित गर्नु र व्यापक उद्योग सहभागितालाई प्रोत्साहित गर्नु रहेको छ। उहाँले भन्नुभयो , पहिलो पटक, कोइला र खानी मन्त्रालयले लिलामी ढाँचामा भूमिगत कोइला ग्यासीकरणको शुरुवात गर्दैछ। उहाँले कोल शक्ति ड्यासबोर्डको पनि शुभारम्भ गर्नुभयो । कोइला सार्वजनिक क्षेत्रका इकाईहरूमा भूमि अधिग्रहण,सहुलियत र पुनर्वास प्रक्रियाहरूलाई डिजिटल बनाउन भुक्तान पोर्टल-क्लैम्पको पनि शुभारम्भ गरिएको छ।

**छत्तीसगढ-माओवादी**

छत्तीसगढको बिजापुर जिल्लामा हिज ५९ जना माओवादीले आत्मसमर्पण गरेका छन् । हाम्रा संवाददाता अनुसार , आत्मसमर्पण गर्ने माओवादीहरूमा नौ जना महिलाहरु रहेका छन्।

**केन्द्रीय मन्त्री मनसुख मांडविया- एक विरासत,**

केन्द्रीय मन्त्री मनसुख मांडवियाले सरदार वल्लभभाई पटेल भारतको लागि एक विरासत, एक विचार र एक संस्था भएको बताउनु भएको छ। उहाँले देशका नागरिकहरू, विशेष गरी युवाहरूलाई उनको जीवनबाट प्रेरणा लिन र विकसित भारत निर्माणमा योगदान दिन आह्वान गर्नुभएको छ। डा. मांडवियाले नयाँ दिल्लीको आकाशवाणी भवनमा आयोजित सरदार पटेल स्मृति व्याख्यान २०२५ मा यो भनाइ राख्नु भयो। यो व्याख्यान ३१ अक्टोबर सरदार पटेलको जन्मजयन्तीमा राति ९:३० बजेदेखि सम्पूर्ण आकाशवाणी नेटवर्कमा प्रसारण हुनेछ।

**वस्तु तथा सेवा कर-कृषि**

नरेन्द्र मोदी सरकारले २२ सितम्बरमा धैरै क्षेत्रहरूमा वस्तु तथा सेवा कर (GST) दरहरूमा कटौती गर्दै GST बचत महोत्सव सुरु गरेको छ। यसले देशभरिका नागरिकहरूलाई फाइदा पुऱ्याएको छ। आज, हामी कृषि क्षेत्रमा नयाँ GST दरहरूबाट कृषकहरूले प्राप्त गरेका फाइदाहरूमाथि प्रकाश पार्दैछौं।

2-BYTE -GST

**भारत -नेपाल उर्जा सहयोग**

भारत र नेपालले ऊर्जा सहयोग बढाउन र क्षेत्रीय ऊर्जा व्यापार र सम्पर्क बढाउन नयाँ सीमापार प्रसारण लाइनहरूको विकासका लागि दुई सम्झौतामा हस्ताक्षर गरेको छ। यी सम्झौताहरूमा भारतको पावरग्रिड र नेपाल विद्युत प्राधिकरणबीच हस्ताक्षर भएको हो। यसमा नेपालको इनरुवादेखि भारतको पूर्णियासम्म ४०० किलोभोल्ट प्रसारण प्रणाली र नेपालको लम्की, दोदोधारादेखि भारतको बरेलीसम्म ४०० किलोभोल्ट प्रसारण प्रणालीको विकास समावेश छ।

****** ० ******